का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १७, अंक ३०३
- ८ माघ २०७६, बुधबार
- 22 January 2020, Wednesday

www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

# सभामुखका एक्ला उम्मेद्वार

- प्रस्तावकः सुवास नेम्वाङ र लक्ष्मणलाल कर्ण
- समर्थकः ओनसरी घर्तिमगर र देव गुरूङ
- काँग्रेसको उम्मेद्वारी परेन, राजपाको समर्थन

**प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसले उम्मेद्वारी नदिने निर्णय गरेपछि सत्तारूढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का उम्मेद्वार अग्नी सापकोटा प्रतिनिधिसभाको सभामुख पदका लागि एक्ला उम्मेद्वार बनेका छन् ।**



**मध्यान्ह संवाददाता**
काठमाडौं, ७ माघ

प्रतिनिधिसभाको सभामुख पदका लागि नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का तर्फबाट नेता अग्निप्रसाद सापकोटाको एकल उम्मेद्वारी दर्ता भएको छ। संघीय संसद् भवन, नयाँबानेश्वरस्थित ल्होत्से हलमा मंगलबार मध्याह्न सापकोटाले उम्मेदवारी दर्ता गराएका हुन् ।

सापकोटाको उम्मेदवारीको प्रस्तावकमा नेकपा संसदीय दलका उपनेता सुवास नेम्वाङ र राष्ट्रिय जनता पार्टीका सांसद लक्ष्मणलाल कर्ण छन् छन् भने समर्थकमा नेकपाका प्रमुख सचेतक देव गुरुङ र सांसद ओनसरी घर्ती छन् । संसद् सचिवालयले बिहान ११ बजेदेखि अपराह्न २ बजेसम्म मनोनयन दर्ताको समय तोकेको थियो ।

प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसले सभामुख पदमा उम्मेदवारी दिएन । पार्टी सभापति एवम् संसदीय दलका नेता शेरबहादुर देउवाका अध्यक्षतामा सिंहदरबारमा बसेको बैठकले सभामुखमा आफ्नो पार्टीका तर्फबाट उम्मेदवारी नदिने निर्णय गरेको हो । काँग्रेस संसदीय दलका सचेतक पुष्पा भुसालले सभामुख निर्वाचित गर्न सत्तारुढ दल सँग यथेष्ट मत रहेकाले प्रतिनिधिसभाको सभामुखको आसन्न निर्वाचनमा उम्मेद्वारी नदिने निर्णय गरेको बताइन् । काँग्रेसले सचेतक पुष्पा भुसाललाई नै उपभामुख पदका लागि उम्मेद्वार बनाउने तयारी गरेको थियो ।

तर, नेकपाका अध्यक्ष पुष्पकमल दाहालले सभापति देउवा र बरिष्ठ नेता रामचन्द्र पौडेलसँग टेलिफोन सम्वाद गरेपछि उम्मेद्वारी नदिने निर्णय भएको छ। "सभामुख पद आफैंमा तटस्थ रहनुपर्ने पद भएकाले काँग्रेस संसदीय दलले उम्मेदवारी नदिने निर्णय गरेको छ", भुसालले भनिन् ।

काँग्रेसले उम्मेद्वारी नदिए पछि सापकोटा निर्विरोध सभामुख बन्ने निश्चित भएको छ । तर, सभामुख पदका लागि माघ १२ गते प्रक्रिया अगाडि बढाइनेछ । आइतबार बसेको नेकपाको सचिवालय बैठकले स्थायी कमिटी सदस्य सापकोटालाई सभामुखको उम्मेदवार बनाउने निर्णय गरेको थियो । तत्कालीन सभामुखले पदबाट राजीनामा दिएपछि चार महिनादेखि सभामुख पद रिक्त रहँदै आएको छ । तत्कालीन सभामुख कृष्णबहादुर महरा यौन दुर्व्यवहार प्रकरणमा मुछिएपछि सभामुख पद रिक्त छ ।

**उपसभामुख लिने, सरकारमा नजाने !**

राष्ट्रिय जनता पार्टी (राजपा) नेपालभित्र राष्ट्रियसभाको निर्वाचन पछि सरकारमा सहभागी हुने विषयमा चर्चा चलेको छ। राजेन्द्र महतोलगायतका नेताहरुले सांसद रेशम चौधरीको रिहाई र संविधान संशोधनको प्रक्रिया अगाडि बढे सरकारमा सहभागी हुने विषयमा छलफल गर्न सकिने बताउँदै आएका छन् । तर, महन्थ ठाकुर पक्षधर नेताहरुले सरकारमा सहभागी नहुन दबाब दिएका छन्। ठाकुर पक्षका ५ जना उपाध्यक्ष र महेन्द्र राय यादवका बाँकी पृष्ठ २ मा

# ८ भारतीय पर्यटकको मृत्यु

**मध्यान्ह संवाददाता**
काठमाडौं, ७ माघ

रिसोर्टको रुमभित्र हिटर बालेर सुतेका ८ जना भारतीय पर्यटकको मृत्यु भएको छ। प्रहरीका अनुसार उनीहरुको निसासिएर मृत्यु भएको हो । सोमबार राति मकवानपुरको दामनस्थित एभरेष्ट पानोरमा रिसोर्टमा रात बिताएका पर्यटकको मृत्यु भएको हो । प्रहरी उपरीक्षक सुनिल सिंह राठौरले एउटै कोठामा राति हिटर बालेर बस्दा ८ जनाको मृत्यु भएको जनाए । बिहान रिसोर्टका स्टाफले आठै जना बेहोश अवस्थामा भेटेपछि प्रहरीलाई खबर गरेका थिए ।

ज्यान गुमाउनेमा केरला राज्यका ३८ वर्षीय रन्जित कप, ३४ वर्षीय इन्द्र, ३७ वर्षीय प्रविण, ३२ वर्षीया सरिया, पाँच वर्षीय बालक अभि, सात वर्षीया बालिका अर्चना, पाँच वर्षीय वैशनव र नौ वर्षीय वन्द्र रहेको प्रहरीले जानकारी दिएको छ ।

**दुःख व्यक्त**

भारतीय पर्यटकको मृत्यु भएकोमा परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीले दुख व्यक्त गरेका छन् । भारतीय विदेशमन्त्री एस जयशंकरलाई ट्वीटरमा मेन्सन गर्दै मन्त्री ज्ञवालीले दुख व्यक्त गरेका हुन् । भारतीय समकक्षी जयशंकरले पनि मकवानपुरको दामनको रिसोर्टमा आफ्ना ८ नागरिकको मृत्यु भएको घटनाबारे दुःख व्यक्त गरेका छन् ।

ट्वीट गर्दै जयशंकरले भनेका छन्, 'नेपालमा ८ बाँकी पृष्ठ २ मा



## ट्रक दुर्घटनामा ७ को मृत्यु

**धादिङ/७ मस–** धादिङमा आईचर ट्रक दुर्घटना हुँदा ७ जनाको मृत्यु भएको छ। धादिङको निलकण्ठ नगरपालिका-९ मैदीभञ्ज्याङमा भएको दुर्घटनामा ३२ जना घाइते भएका छन् । उनीहरू मध्ये १५ जनालाई काठमाडौं रेफर गरिएको छ । ११ जनालाई नेपाली सेनाको हेलिकोप्ट र चार जनालाई एम्बुलेन्स मार्फत काठमाडौं पठाइएको जिल्ला प्रहरी कार्यालय धादिङका प्रहरी उपरीक्षक (एसपी) रवीन्द्र रेग्मीले जानकारी दिए । अन्य घाइतेको जिल्ला अस्पताल धादिङमै उपचार भइरहेको छ ।

मंगलबार दिउँसो ४ बजेतिर सडकमै पल्टिँदा चार जनाको घटनास्थलमै र ३ जनाको धादिङ अस्पतालमा उपचारका क्रममा मृत्यृ भएको एसपी रेग्मीले बताए । मृत्यु हुनेहरूमा निलकण्ठ-२ भुलभुलेका बिदुर गुरुङ, ध्वज बहादुर गुरुङ, तिलक गुरुङ, पुर्णमान श्रेष्ठ, प्रेम गुरुङ, बेल बहादुर गुरुङ र सेते गुरुङ रहेका छन् । उनीहरू सबै जना एउटै गाउँका हुन् । धादिङको ज्वालामुखी गाउँपालिका-४ मा रहेको ढोला मण्डलीमाईको दर्शन गरेर फर्किएका दर्शनार्थी चढेको ग१ख ८०१२ नम्बरको मिनी ट्रक दुर्घटना भएको हो। मिनी ट्रकमा ढोला मण्डलीमाईको दर्शन गर्न गएका निलकण्ठ नगरपालिका-२ भुलभुलेका बासिन्दा चढेको प्रहरीले बताएको छ ।

प्रत्यक्षदर्शीका अनुसार तीब्र गतिका कारण आइचर दुर्घटना भएको हो । हरेक साताको मंगलबार ढोलामण्डलीमा पाठी भाकल पुजा हुने गर्दछ। महिला जान नहुने र पाठी मात्रै बली लाग्ने ढोलामण्डलीमा बली चढाएको मासु मन्दिर क्षेत्रमै खाएर फर्कनु पर्ने मान्यता रहेको छ। पुजा गर्न भन्दै प्रत्येक हप्ता सयौं मान्छे ढोलामण्डली पुग्ने गर्दछन्। पछिल्लो समय मण्डलीमा मदिरा सेवनका लागि जानेहरूको संख्या निकै बढ्दै गएको स्थानीयहरू बताउँछन ।

# उखु किसानलाई धोका

**मध्यान्ह संवाददाता**
काठमाडौं, ७ माघ

सरकारले ७ माघसम्म उखु किसानको बक्यौता रकम दिलाउने भनी गरेको सहमतिको समय मंगलबार सकिएको छ । तर, उखु किसानको बक्यौता रकम भुक्तानी भएन । सरकारले सहमति पालना नगरेको भन्दै उखु किसानहरु देशव्यापी आन्दोलनको तयारी गरेका छन् । मिल मालिकहरुबाट वर्षौदेखिको बक्यौता रकम भुक्तान नभएपछि पुसको दोस्रो साताबाट काठमाडौं केन्द्रीत आन्दोलन सुरु गरेका उखु किसानहरुसँग सरकारले १८ पुसमा पाँच बुँदे सहमति गरेको थियो ।

सहमतिको पहिलो बुँदामै माघ ७ गतेभित्र बक्यौता रकम सरकारले भुक्तानी गराउने भनिएको थियो । तर, मंगलबारसम्म उखु किसानहरुले मिलबाट न बक्यौता रकम पाएका छन् न त उनीहरुलाई रकम लिन आउन कुनै सूचना दिइएको छ। उनीहरुले सरकारबाट पाउने अनुदानको रकम पनि पाएका छैनन् । उखु किसान आन्दोलन समितिका संयोजक राकेश मिश्रले सरकारले सम्झौताका नाममा आन्दोलन स्थगित गराएर आफूहरुलाई धोखा दिएको भन्दै फेरि आन्दोलन सुरु गर्ने बताएका छन् ।

संयोजक मिश्रले भने, 'अहिलेसम्म के कति प्रगति भयो त्यो समपूर्ण सार्वजनिक गर्न हामीले सरकारसँग आग्रह गर्दैछौं। सरकारले आन्दोलनका सबै माग पूरा गर्ने भन्दै हामीलाई ठग्यो, अब हामी कहाँ जाने?' बुधबार सर्लाहीको मलंगवामा पत्रकार सम्मेलन गरी संयुक्त आन्दोलनको घोषणा गर्न लागेको उनले जनाए। आफूलाई जानकारी भए अनुसार अहिलेसम्म महालक्ष्मी मिलले ११ करोड ५० लाख रुपैयाँ, अन्नपूर्ण मिलले ३ करोड ९० लाख रुपैयाँ र इन्दिरा मिलले ९० लाख रुपैयाँ मात्र भुक्तान गरेको छ भने अन्य मिलहरुले पूरै बेवास्ता गरिरहेको मिश्रले बताए ।

यता उद्योग विभागका प्रवक्ता विनोद खड्काले १४ वटा मिल मध्ये ६ वटाले सम्पूर्ण रकम भुक्तानी गरिसकेको र महालक्ष्मी, अन्नपूर्ण, इन्दिराले केही प्रतिशत रकम तिरेको खड्काले बताए । उद्योग बाणिज्य तथा आपूर्ति मन्त्री लेखराज भट्टले ९ वटा मिलले सम्पूर्ण रकम भुक्तानी गरिसकेको बताए। लुम्बिनी चिनी कारखानाका सञ्चालक अहिलेसम्म सम्पर्कमा नआएको जानकारी बाँकी पृष्ठ २ मा

# मलेसियाले बढेको तलवको अनुगमन गर्ने

**मध्यान्ह संवाददाता**
काठमाडौं, ७ माघ

मलेसियाले गत जनवरी पहिलो तारिखदेखि वृद्धि गरिएको कामदारको न्यूनतम तलव कार्यान्वयन भए नभएको गम्भीरताका साथ अनुगमन गर्ने बताएको छ । मलेसियाले अंग्रेजी सन् २०२० को जनवरी १ तारिखदेखि लागू हुने गरी कामदारको मासिक न्यूनतम तलव १२ सय रिंगिट कायम गरेको छ । त्यसअघिसम्म मलेसियामा स्वदेशी तथा आप्रवासी दुवै कामदारहरुको न्यूनतम तलव ११ सय रिंगिट कायम गरिएको थियो। मलेसियामा स्थानीय तथा विदेशी दुवै कामदारका हकमा न्यूनतम तलव समान रहेको छ।

मलेसियाका मानव संशाधन मन्त्री एम कुलासेगरनले फेब्रुअरी महिनाको २८ तारिखको प्रतिक्षा रहेको भन्दै मलेसियाका सबै ५७ वटा शहर तथा नगर परिषद् अन्तर्गतका उद्योग प्रतिष्ठानहरुले वृद्धि भएको तलव कामदारलाई भुक्तनी गर्नैपर्ने बताएका छन् । स्थानीय पत्रकारहरुको एक प्रश्नमा मन्त्री सेगारनले भनेका छन्, 'आगामी फेब्रुअरी २८ देखि बढीमा मार्च पहिलो तारिखसम्म सबै कामदारले बढेको न्यूनतम तलव पाए नपाएको गुनासो आइसक्ने छ । त्यसपछि यसमा थप निर्णय लिने छौं ।'

मलेसियाले सम्झौता अनुसार तलव सुविधा दिने पटक पटक प्रतिवद्धता व्यक्त गर्दै सम्झौता अनुसार तलव सुविधा नपाए आफ्नो श्रम विभागमा उजुरी गर्न नेपाली सहित सम्पूर्ण आप्रवासी कामदारहरुलाई आग्रह गरेको छ । मलेसियाले खासगरी नेपाली कामदार ठगीमा पर्ने तर श्रम विभागमा उजुरी हाल्न हिच्किचाउने गरेको भन्दै विना हिचकिचाहट त्यहाँको श्रम विभागमा उजुरी गर्न आग्रह गरेको छ ।

उता मलेसियाका प्रधानमन्त्री डा. महाथिर मोहम्मदले भारतले भारत शासित कश्मीरलाई दिँदै आएको विशेष दर्जा खारेज र नागरिकता सम्बन्धी ऐन ल्याई मुस्लिम समुदायमाथि भेदभाव गरेको भन्दै भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको चर्को आलोचना गरेपछि भारतले मलेसिया लक्षित गरी प्रशोधित पाम आयल आयातमा लागएको रोक फुकाउन मलेसियाले कूटनीतिक पहल बढाएको छ ।

भारतले दुई हप्ता अघि मलेसियालाई लक्षित गरी प्रशोधित पाम आयल आयातमा प्रतिबन्ध लगाएको थियो। भारत मलेसियाको प्रशोधित पाम आयलको ठूलो बजार हो। मलेसियाले बढेको कूटनीतिक शिथिलता चिर्न आगामी महिना स्वीजट्रल्याण्डको डाभोसमा हुने लगानी सम्बन्धी विश्व सम्मेलनका क्रममा भारतका बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## कोरिया छोड्ने कामदार बढ्दै

**काठमाडौं/मस–** स्वेच्छाले देश छाडे पुनः कोरिया प्रवेशको अनुमति दिइने भएपछि करार अवधिपछि कोरिया छाड्ने विदेशी कामदारको संख्या बढेको छ। कोरियाको न्याय मन्त्रालयले सन् २०२० को जुन महिनासम्म स्वेच्छाले देश छोड्ने कामदारलाई पुनः कोरिया प्रवेशको सुविधा दिने घोषणा गरेको थियो। नयाँ नियम लागू भएपछि करार अवधिपछि कोरिया छोड्नेको संख्या बढेको भन्दै त्यहाँको न्याय मन्त्रालयले नोभेम्बरमा ४ सय ३३ र डिसेम्बरमा ७ सय २० जना आप्रवासी कामदारले कोरिया छाडेको बताएको छ ।

कोरियाले तोकिएको अवधि भित्रै स्वेच्छाले देश छाड्ने आप्रवासी कामदारहरुको लागि स्वदेश फिर्ती शुल्कमा छुट दिएको छ। कोरियाको इन्छन, ख्याङ्गिदो, आन्सान, बुछन आदि क्षेत्रमा अवैध आप्रवासी कामदारको चाप रहेको भन्दै कोरियाली सञ्चारमाध्यमहरुले सो क्षेत्रका करिब ५० प्रतिशत अवैध आप्रवासी कामदार घर फर्किने प्रक्रियामा प्रवेश गेको बताएका छन् । कोरियामा केही नेपाली कामदार करार अवधि सकिएपछि पनि लुकिछिपी बस्ने गरेका छन् ।

## कतारले न्यूनतम तलव संशोधन गर्ने

**काठमाडौं/मस–** नेपाली कामदारको प्रमुख गन्तव्य मुलुकमा पर्ने कतारले आप्रवासी कामदारको न्यूनतम तलवमा संशोधन गर्ने भएको छ । कतारको संसद् शुरा काउन्सिलमा सोमबार त्यस विषयमा छलफल भएको कतारी सञ्चारमाध्यमहरुले जनाएका छन् । कतारले आप्रवासी कामदारको न्यूनतम तलव तोक्न त्यहाँको श्रम मन्त्रालय अन्तर्गत ज्याला समिति गठन गर्ने छ ।

उक्त समितिले कतारी मन्त्रिपरिषद्को निर्णय अनुसार आप्रवासी कामदारहरुको न्यूनतम तलव तोक्ने र बाँकी पृष्ठ २ मा

**मार्केटिङ वा पार्टनर चाहियो**

एक प्रतिष्ठित मेनपावर कार्यालयका लागि कतार, यू.ए.ई., मलेशिया लगायत मुलुकमा मार्केटिङ गर्न सक्ने कर्मचारी वा पार्टनर आवश्यक भएकोले इमान्दार इच्छुक व्यक्तिहरुले तुरुन्त सम्पर्क राख्नुहोला ।

नोटः अफिस मेनेजर १ जना महिला, उमेर २५-२८ वर्षसम्मको
तलब : आपसी सहमतीमा

सम्पर्क : ९८४३१९३३९७

**साधारणसभा सम्बन्धी सूचना**

नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी फोरमको निर्वाचन सहितको दशौं वार्षिक साधारणसभा निम्न मिति, स्थान र समयमा आयोजना हुन गइ रहेको व्यहोरा सहर्ष जानकारी गराउँदै यस नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी फोरमसँग आबद्ध सम्पूर्ण सदस्य संस्थाहरुले मिति २०७६।१०।१९ गते भित्र आ-आफ्नो सदस्यता नविकरण गरि आ-आफ्नो संस्थाबाट साधारणसभाको लागि प्रतिनिधि दर्ता गराई उक्त ऐतिहासिक साधारणसभालाई सफलतापूर्वक सम्पन्न गराउन यहाँहरुको सक्रिय सहभागिताको लागि हार्दिक निमन्त्रणा गर्दै, नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी फोरमको विधान २०६३ को परिच्छेद (४, दफा ११ को उपदफा, ४) अनुसार यो सूचना प्रकाशित गरिएको छ।

कार्यक्रम
मिति : २०७६।१०।२४ गते शुक्रवार
समय : बिहान ८ :०० बजे
स्थान : अनुपम फुडल्यान्ड, बत्तिसपुतली, काठमाडौं

तारानाथ अर्याल
महासचिव

नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी फोरम
नयाँबानेश्वर, काठमाडौं, फोन नं. ०१,४४६६४२८
कृष्ण न्यौपाने (कार्यालय सचिव) ९८५१२३७५०१

# सांसदहरू कानून निर्माणमा सहभागी हुनुपर्छ : अध्यक्ष तिमिल्सिना

काठमाडौं/मस- राष्ट्रियसभा अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले सांसदको मुल्यांकन कानून निर्माणमा हुने सहभागिता र योगदानका आधारमा हुनुपर्ने बताएका छन्। काठमाडौंमा मंगलबार आयोजित संघीय र प्रदेश सरकार तथा व्यवस्थापिकाको लागि नीति अनुसन्धान संरचना निर्माण सम्बन्धि छलफल कार्यक्रममा अध्यक्ष तिमिल्सिनाले सो कुरा बताएका हुन्।

उनले संघीय संसदका सदस्यहरू विधि निर्माणभन्दा योजना माग गर्न मन्त्रालय धाउने र निर्वाचन क्षेत्रका कार्यक्रममा बढी हिँड्नु गलत भएको धारणा राखे। 'आम मतदाता, सम्बन्धित दल र सिंगो समाजले के आधारमा विधि निर्माण गर्न आएका सांसदहरूको मुल्यांकन गर्छ ?' उनले प्रश्न गर्दै भने, 'सांसदको कार्यकाल सकिँदासम्म कतिपटक निर्वाचन क्षेत्रमा आयो, कति बजेट ल्यायो वा घर-घरमा पुग्यो-पुगेन भनेर मुल्यांकन गर्छ। यो गलत भइरहेको छ।'

अध्यक्ष तिमिल्सिनाले राजनीतिक दलहरूले नै आफ्ना विधायकलाई संसद तथा समितिको बैठकमा हुने सहभागिता र कानुन निर्माणमा खेल्ने भूमिकाका आधारमा मुल्यांकन गर्नुपर्ने धारणा राखे। 'अहिले सांसदहरू जहाँ मुल्यांकन हुन्छ वा जे गर्दा भोट बढ्छ र फेरि चुनाव जितिन्छ, त्यसको पछाडि लाग्नुभएको हो। यो उहाँहरूको बाध्यता हो,' उनले भने, 'यसले गर्दा विधि निर्माणमा सांसदको सहभागिता कमजोर भयो।'



विकास निर्माणको काम मन्त्रालय, योजना आयोगमार्फत आवश्यकताका आधारमा हुनुपर्ने बताउँदै तिमिल्सिनाले सांसद आफ्नो क्षेत्रको योजना बोकेर मन्त्रालयको कोठा-कोठा धाउने अवस्थाको अन्त्य हुनुपर्ने बताए। नयाँ संविधानअनुसार थुप्रै नयाँ कानून निर्माण गर्नुपर्ने भएकाले सांसदहरू अध्ययन र कानून निर्माणमा सहभागी हुन उनले आग्रह गरे।

कार्यक्रममा बोल्दै प्रा.डा. युवराज संग्रौलाले कानुन निर्माणको प्रक्रियामा सरकार, सांसद र संसद सचिवालयसँगै बाहिर रहेको आम बौद्धिक जगतको सहभागिता जरुरी रहेको बताए। उनले नीति अनुसन्धान मञ्चको अवधारणा पनि कानुन निर्माणमा सांसद बाहेक बौद्धिक वर्गको सहभागिता गराउने र अध्ययन अनुसन्धानमा सहभागी हुने उद्देश्यले बनाइएको बताए।

काठमाडौं स्कूल अफ ल र इन्टरनेशनल रिसर्च इन्टिच्युट नेपाल (आइआरआई) को आयोजनाका भएको कार्यक्रममा प्रतिनिधि सभा र राष्ट्रिय सभाका सांसदहरू, संघीय संसदका कर्मचारी तथा विभिन्न नीति निर्माण क्षेत्रका प्रागिक तथा बौद्धिक व्यक्तित्वहरूको सहभागिता रहेको थियो भने नीति अनुसन्धान सम्बन्धि विभिन्न विषयमा छलफल भएको थियो।

# यूएईमा गतवर्ष १०३ नेपालीको मृत्यु

काठमाडौं/मस- संयुक्त अरब इमिरेट्स (यूएई) गतवर्ष सन् २०१९ मा वैदेशिक रोजगारीमा गएका १ सय ३ नेपाली नेपाली कामदारको ज्यान गएको छ। त्यसमा महिलाको संख्या ४ रहेको छ। उक्त मुलुकमा २ लाख ४० हजार बढी नेपाली कामदार वैधानिक रुपमा काम गरिरहेका छन्।

यूएईस्थित नेपाली दूतावासका अनुसार गतवर्ष सडक दुर्घटनामा परेर २३ जना, प्राकृतिक रुपमा ५७ जना र आत्महत्याबाट १७ जनाको ज्यान गएको छ। बाँकी ६ जनाको कारण खुल्न सकेको छैन। अघिल्लो वर्ष सन् २०१८ मा ९८ जनाको ज्यान गएको थियो।

अत्यधिक तातोमा खुला क्षेत्रमा काम गर्ने बाध्यता, खानपानको असन्तुलनका कारण हृदयघात तथा न्यून गुणस्तरको मादकपदार्थको अत्यधिक सेवन लगायतका कारण नेपाली कामदारको ज्यान गएको नेपाली दूतावासले जनाएको छ। केही दिनअघि भएको सवारी दुर्घटनामा नेपाली महिला कामदारको मृत्यु भएको थियो।

# दीपक मनाङेले एन्फा कास्कीका अध्यक्ष कुटे

पोखरा/७ मस- गण्डकी प्रदेशका सांसद राजीव गुरुङ उर्फ दीपक मनाङेले अखिल नेपाल फुटबल संघ (एन्फा) का कास्की अध्यक्ष मिलन गुरुङमाथि कुटपिट गरेका छन्। मुख्यमन्त्री कप फुटबल प्रतियोगिताको व्यवस्थापनप्रति असन्तुष्टि जनाउँदै कुटपिट गरेका हुन्। गुरुङ प्रतियोगिता उद्घाटन गर्न आएका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङलाई स्वागत गर्ने तयारीमा रहेको बेला मनाङ्गेले हातपात गरेका हुन्।

मनाङबाट आएको टिमको खेल भोलिबाट छ। अघिल्लो दिन मंगलबारबाट मात्र होटलमा राख्ने व्यवस्था मिलाइएको थियो। एन्फा कास्कीका अध्यक्ष गुरुङकाअनुसार



मनाङेको टिमलाई ५/६ दिन अगाडिको भत्ता दिनुपर्‍यो भनेर विवाद गर्न आएका थिए। तर, आयोजकले नियमअनुसार बाहिर जाने भन्दै त्यसरी दिन नसकिने बताएपछि आफलुमाथि हातपात भएको गुरुङको भनाइ छ। प्रमुख अतिथि आउनै लागेको र कार्यक्रम भाँडिने भएकाले आफू संयमित भएको उनले बताए।

प्रदेशसभा सदस्य मनाङ्गेले पनि झापड हानेको स्वीकार गरेका छन्। तर, व्यवस्थापनप्रति असन्तुष्टि जनाए। सहभागी टिमलाई खबर नै नगरी अन्तिम समयमा प्रतियोगिताको मिति सारेको, मनाङबाट आएको टिमलाई बस्ने व्यवस्था समेत नमिलाएको उनको दावी थियो।

एन्फा मनाङका अध्यक्ष निरज गुरुङले पनि प्रतियोगिताको व्यवस्थापन राम्रो नभएको गुनासो गरे। प्रदेश सरकारको आर्थिक सहयोगमा मुख्यमन्त्री कप प्रतियोगिता लेखनाथको भण्डारढिकमा सुरु भएको छ। तर सहभागी टिमलाई बस्ने खाने तथा अभ्यास गर्ने उचित व्यवस्था नै नगरिएको एन्फा मनाङका अध्यक्ष गुरुङले जानकारी दिए।

# चार सवारी चालक पुर्पपक्षका लागि कारागार चलान

पोखरा/मस- सवारीसाधन चलाउने क्रममा विभिन्न कारण दुर्घटना गराएका चारजना सवारी चालकलाई पुर्पक्षका लागि कारागार चलान गरिएको छ । जिल्ला प्रहरी कार्यालय कास्कीका प्रवक्ता प्रनाउ राजकुमार केसीका अनुसार सवारी चालक अनुमति पत्र बिना सवारी चलाउने, मादक पदार्थ सेवन गरेका र गाडीको ढोका खुल्ला राख्दा दुर्घटना गराई मानवीय क्षति पुर्‍याएको अभियोगमा चारजना सवारी चालकलाई पुर्पक्षका लागि कारागार चलान गरिएको हो।

जिल्ला अदालत कास्कीको आदेशानुसार सवारी चालक अनुमति पत्र बिना सवारी चलाउने किशोर भण्डारी र कृष्ण विश्वकर्मा, ढोका खुला राखी गाडी चलाउने रविन राई एवम् मापसे गरी सवारीसाधान चलाई दुर्घटना गराउने सुजन विकलाई कारागार चलान गरिएको उनले जानकारी दिए।

उनका अनुसार पोखरा महानगरपालिका-६ डिहिकोपाटनमा कार दुर्घटनाका कारण पोखरा-११ फूलबारी बस्ने २२ वर्षीय रेक्स आलेको मृत्यु भएको थियो। सवारी अनुमतिपत्र बिना कार चलाउने दाङ तुल्सीपुर उपमहानगरपालिका-११ बस्ने २१ वर्षीय किशोर भण्डारीले चलाएको ग१च ९६९९ नंको कारले ठक्कर दिँदा अन्य तीनजना घाइते भएको प्रहरीले जनाएको छ।

त्यसैगरी अनुमतिपत्र बिना मोटरसाइकल चलाएर सवारी दुर्घटना गराएको अभियोगमा पोखरा- २६ अर्घौंचोक बस्ने २७ वर्षीय कृष्ण विश्वकर्मालाई पुर्पक्षका लागि कारागार चलान गरिएको छ।

पोखरा-३० शिशुवाचोकस्थित भित्री सडकबाट डाँडाकोनाकतर्फ जाँदै गरेको ना४५प ५६९४ नंको मोटरसाइकलले ठक्कर दिँदा पैदल यात्री ८१ वर्षीय भानुभक्त तिवारीको मृत्यु भएको प्रहरीले जनाएको छ। बालोदय उच्च माविको ग१क २४९९ नंको बसका चालक सुनसरी धरान नगरपालिका-१९ घर भएका ४३ वर्षीय रबिन राईलाई पुर्पक्षका लागि कारागार चलान गरिएको छ।

पोखरा-१७ राममन्दिर नजीकै ढोका बन्द नगरी चलाएको बसबाट अचानक खस्दा पोखरा-१७ विरौटा निवासी २६ वर्षीय सरिता पौडेल सुवेदीको सोही बसको पछिल्लो चक्काले कुल्चियर मृत्यु भएको थियो। पुर्पक्षका लागि कारागार चलाउन हुनेमा मापसे गरी अनियन्त्रित तथा लापरवाहीपूर्ण तरिकाले चलाइएको ग१७प ३५४७ नंको स्कुटरका चालक २५ वर्षीय सुजन विक रहेका छन्। पोखराको पृथ्वीचोक सडकखण्डमा भएको स्कुटरको ठक्करबाट पोखरा-९ नयाँबजारका ४२ वर्षीय अमृत घिमिरे घाइते भएका थिए। सवारी दुर्घटना गराई भागेका चालक विकलाई पक्राउ गरी अङ्गभङ्ग शीर्षकमा मुद्दा दर्ता गरिएको प्रवक्ता केसीले जानकारी दिए।

# १२ वर्षपछि परिवारमा खुशी

बुटवल/७ मस- रोजगारीका लागि भारत गएको छोरो १२ वर्षपछि सम्पर्कमा आएपछि एक पविारमा खुशीयाली छाएको छ। बाँकेको राप्ती सोनारी गाउँपालिका-४ बैजापुरका अमर बहादुर सुनारका छोरा सन्तोष १२ वर्षपछि घर आएपछि खुशीयाली छाएको हो। आर्थिक अवस्था कमजोर भएकै कारण सुनार आफ्नो श्रीमती लक्ष्मी सुनार र उनको ७ वर्षीय छोरालाई लिएर रोजगारीका लागि भारत गएका थिए।

२०६४ सालमा भारतको लुधियाना गएका सुनारसँग सन्तोष त्यहीबाट एकाएक हराएका थिए। छोरा हराएपछि सुनार परिवारमा चिन्ता थपियो। एकातर्फ उनीहरूको आर्थिक अवस्था कमजोर थियो भने अर्कोतर्फ सन्तान हराएको पीडा थियो। सन्तान भेटिने आशामा सुनार दम्पत्ती भारतमै बसिरहे। ७ वर्षीय बालकको खोजतलास गर्दा कतै पत्तो लागेन। सन्तान हराएको पीडामा रहेको अभिभावकको अनुहारमा अहिले भने मुस्कान देखिएको छ।

भारतस्थित नेपाली दुतावासको समन्वय तथा प्रवासी नेपाली मित्र मञ्च र मानव कल्याण मित्र मञ्च नेपालको सक्रियतामा अहिले १९ वर्ष पुगिसकेका सन्तोष अहिले अभिभावकसंगै आउन सफल भएका छन्। उनलाई २०७५ साउन ५ गते उद्दार गरियो। उनलाई अभिभावकसम्म आउन भने त्यत्ति सजिलो थिएन्।

जिल्ला प्रहरी कार्यालय रुपन्देहीका अनुसार सन् २०१४ जेनवरी २२ तारिख लखनउमा ११ वर्ष ४ महिना भएको सन्तोष नाम बताउने, घर नेपाल दुर्गानगर बाबु रनबहादुर आमा कमला मिस्त्रीको काम गर्ने सम्म बताएको बालक वेवारिसे रुपमा फेला पारी भारतस्थित विभिन्न बालगृह हुँदै राजकिय बालगृह देवरियामा बसेका सन्तोष, विजय तामागं, राजेश कुमार, सुमित कुमार गरी ४ जनालाई पारिवारिक पुर्नमिलनको लागि भारतस्थित नेपाली दुतावासको सिफारिससहित मित्र मञ्चले जिल्ला प्रहरी कार्यालय रुपन्देही, बालबालिका तथा जेष्ठ नागरिक सहायता केन्द्रमा ल्याएको थियो।

बालकहरुको अभिभावक पत्ता नलागेसम्मको लागि अस्थायी संरक्षणको लागि ४ जना बालकलाई प्रहरी कार्यालय रुपन्देहीले तिलोत्तमा नगरपालिका कोटिहवास्थित नेपाल अविनास अनाथ आश्रममा पठाएको थियो। ४ जनामध्ये ३ जनाको अभिभावक पत्ता लागेपनि सन्तोषको ठेगाना र अभिभावक पत्ता लाग्न सकेको थिएन्। पछि २०७६ पुस ६ गते अमर बहादुर सुनार र लक्ष्मी सुनार बालगृहमा आइ आफ्नो छोरा हो भन्ने पहिचान गरेको प्रहरीको भनाइ छ।

# प्रेस युनियनको महाधिवेशन चैत २१ मा नेपालगञ्जमा

चितवन/मस- नेपाल प्रेस युनियनको नवौं राष्ट्रिय महाधिवेशन आगामी चैतमा नेपालगञ्जमा हुने भएको छ। युनियनको मंगलबार चितवनमा सम्पन्न केन्द्रीय समितिको बैठकले आगामी चैतको २१ र २२ गते महाधिवेशन गर्ने निर्णय गरेको हो।

युनियनको प्रतिष्ठान, जिल्ला र विदेश गरी ८७ शाखा छन्। शाखाबाट आएका झण्डै एक हजार ५०० भन्दा बढी प्रतिनिधि महाधिवेशनमा सहभागी हुने केन्द्रीय अध्यक्ष बद्री सिग्देलले बताए। हालसम्म ७० शाखामा अधिवेशन भई सकेको छ। बाँकीमा माघभित्र अधिवेशन सक्ने बैठकले निर्णय गरेको महासचिव अजयबाबु शिवाकोटीले जानकारी दिए।

महाधिवेशन सम्पन्न गर्न अध्यक्ष सिग्देलको संयोजकत्वमा महाधिवेशन तयारी मूल आयोजक समिति र डेमोक्रेटिक लर्यस एशोशिएशनका अध्यक्ष योगेन्द्रबहादुर अधिकारीको संयोजकत्वमा पाँच सदस्यीय निर्वाचन समिति गठन गर्ने बैठकले निर्णय गरेको शिवाकोटीले जानकारी दिए। अध्यक्ष सिग्देल, वरिष्ठ उपाध्यक्ष दीपक आचार्य र महासचिव शिवाकोटी रहेको तीन सदस्यीय विवाद समाधान समिति गठन भएको छ। महासचिव शिवाकोटीको संयोजकत्वमा सांगठनिक, कोषाध्यक्ष सरोज अधिकारीको संयोजकत्वमा आर्थिक र उपमहासचिव प्रेम केसीको संयोजकत्वमा स्थानीय व्यवस्थापन समिति बैठकले गठन गरेको छ।

बाँकी १५ शाखाको अधिवेशन तथा बाँकी रहेको शाखाको सदस्यता शुल्क माघ मसान्तभित्र केन्द्रीय कार्यालयमा नबुझाएमा महाधिवेशनमा मतदानको अधिकार नहुने बैठकले निर्णय गरेको छ। बैठकले चितवन शाखालाई उत्कृष्ट शाखा घोषणा गर्ने निर्णय गरेको छ। नेपालगञ्जमा हुने नवौं महाधिवेशनले युनियनको तीन वर्षे कार्यकालका लागि नयाँ नेतृत्व चयन गर्नेछ।

यसअघि बैठकको शुभारम्भ गर्दै अध्यक्ष सिग्देलले सरकारले ल्याएको मिडिया काउन्सिल विधेयक परिमार्जन गर्नुपर्ने माग गरे। नेपाली काँग्रेस चितवनका सभापति जीतनारायण श्रेष्ठ, नेपाल पत्रकार महासंघका पूर्वकेन्द्रीय अध्यक्ष सुरेश आचार्य, महासंघका महासचिव रमेश विष्ट, युनियन चितवनका अध्यक्ष अनिल ढकालले सरकारले ल्याएका विधेयक जनपक्षीय हुनुपर्ने धारणा राखे। यसअघि युनियनको आठौं राष्ट्रिय महाधिवेशन विसं २०७१ भदौ २१ र २२ गते पोखरामा भएको थियो।

# दाङका आठ नाकामा प्रहरी शिविर स्थापना हुँदै

दाङ/रासस- दाङका आठ नाकामा सशस्त्र बल शिविर स्थापना हुने भएको छ। दाङको राजपुर र गढवा गाउँपालिकाका आठ नाकामा शिविर स्थापना हुन लागेको हो। गृहमन्त्रालयको निर्णयानुसार तत्काल साना-ठूला गरी आठ नाकामा सशस्त्र प्रहरी बल शिविर स्थापना गर्न लागिएको दाङका प्रमुख जिल्ला अधिकारी गोविन्द रिजालले बताए।

यो आर्थिक वर्षभित्रै राजपुर गाउँपालिकाको वडा नं ६ को खङ्गानाका, ७ को भौवानाका, भैसाही, दगमारा, खाङ्गा, पटौली, सिरिया र गढवा गाउँपालिकाको वडा नं ८ मुसिनाको भौरीसालमा शिविर स्थापनाको तयारी भएको उनको भनाइ छ। 'दाङका नाकामा प्रहरी चौकी नहुँदा त्यहाँका नागरिकले सुरक्षाको अनुभूति गर्न पाउनुभएको छैन,' उनले भने, 'यसैलाई मध्यनजर गरी यो वर्ष आठ नाकामा प्रहरी शिविर स्थापना गर्न लागेका छौं।'

प्रहरी निरीक्षकको कमान्डमा ३५ जनाको दरबन्दी रहनेगरी आठ स्थानमा शिविर स्थापना हुन लागेको रिजालले बताए। त्यस्तै यही वर्ष राजपुर गाउँपालिका र गढवा गाउँपालिकासँग समन्वय गरेर अन्य नाकामा पनि शिविर खडा गर्नका लागि प्रक्रिया अघि बढाएको प्रमुख जिल्ला अधिकारी रिजालको भनाइ छ। अबको केही समयमा राजपुर गाउँपलिकाको वडा नं ६ खाङ्गानाकामा शिविर स्थापना हुन लागेको राजपुर गाउँपालिकाका अध्यक्ष लोकराज केसीले बताए। अहिले दाङका ३१ नाकामध्ये दुई नाकामा मात्रै सुरक्षा शिविर थिए। यसबाट नाकावासीले सुरक्षाको अनुभूति गर्न पाएका थिएनन्। यसअघि कोइलावास प्रहरी चौकी र खाङ्गा प्रहरी चौकी छन्। त्यसैगरी यसअघि गढवा गाउँपालिका-८ कोइलावासमा एक सशस्त्र शिविर, राजपुर गाउँपालिका-७ सुनपथरी नाकामा शिविर भए पनि प्रभावकारी हुनसकेको छैन। भारतीय सीमा सुरक्षा बलले भने प्रत्येक नाकामा शिविर खडा गरेको छ।

विसं २०२० मा राजा महेन्द्र र रोल्पाका सांसद बालारम घर्तीबीच भारतीय अवकाशप्राप्त गोर्खा आर्मीलाई बासस्थान दिने सहमति भएको थियो तर पछि रोल्पा, रुकुम, सल्यान, प्यूठान र दाङको पूर्वी भागबाट नाका क्षेत्रमा बसोबास गरेको स्थानीयवासी चक्रबहादुर खड्काले बताए।

## ८ भारतीय...

भारतीय पर्यटकको मृत्यु भएको समाचारले मर्माहत भएको छु। काठमाडौंस्थित हाम्रो दूतावासले घटनाक्रमलाई नजिकबाट पछ्याइरहेको छ। दूतावासका अधिकारीहरू अस्पतालमा खटिएका छन् र आवश्यक सहयोग गरिरहेका छन्।'

यसअघि केरलाका मुख्यमन्त्री पिनाराई विजयनले विदेशमन्त्री जयशंकरलाई पत्र लेख्दै आफ्नो राज्यका नागरिकको विदेशमा मृत्यु भएकाले आवश्यक सहयोग गरिदिन अनुरोध गरेका थिए। नेपालले भने दूतावासमार्फत् मृतकको शव आफन्तलाई बुझाउने तयारी गरेको छ। प्रहरीले कानुनी प्रक्रिया पूरा गरी कागजात बनाएर दूतावासमार्फत् शव आफन्तको जिम्मा लगाउने जनाएको छ। सोमबार थाहा नगरपालिका-४ सिमभञ्ज्याङस्थित रिसोर्टमा बसेका भारतीय पर्यटक मंगलबार बिहान अचेत अवस्थामा भेटिएका थिए। उनीहरूलाई हेलिकप्टरमा काठमाडौं ल्याइएकोमा मृत्यु भएको थियो।

## उखु...

दिंदै मन्त्री भट्टले भने, 'लुम्बिनी मिलका सञ्चालकलाई खोजी गर्न गृह मन्त्रालयलाई भनिएको छ। त्यो मिलसँग भएको सम्झौता हेर्न र उसको कारोबार रोक्का गर्न अर्थमन्त्रालयलाई भनेका छौं।' श्रीराम सुगर मिलले किसानसँग गरेको सम्झौता मिल सञ्चालन गरेको जानकारी दिदै मन्त्री भट्टले भने, 'मिलको सम्पति बेचेर भएपनि रकम दिने भनेको हो। मिलले योजना पेस गरेको छ। त्यस विषयमा छलफल भइरहेको छ।'

मंगलबारसम्म रकम भुक्तानी नगरेका मिल सञ्चालकहरुमाथि कस्तो कारवाही गर्ने भन्ने बारे बुधबार मन्त्रालयले निर्णय लिने मन्त्री भट्टले जानकारी दिए। मन्त्री भट्टले उखु किसानहरुलाई सरकारले दिनुपर्ने अनुदान रकममध्ये ७१ करोड रुपैयाँ कृषि मन्त्रालयमार्फत गइसकेको र थप ३८ करोड रुपैयाँ निकासा दिन अर्थ मन्त्रालयमा पठाइएको बताए। उनले भने, 'किसानहरुले अनुदानको रकम केही दिनमै पाउनु हुनेछ।'

५ बुँदे सहमति

१. नेपाल सरकारबाट निर्धारण भएको उखुको मूल्यबमोजिमको उखु किसानहरूको सम्पूर्ण बक्यौता रकम चिनी उद्योगीहरूले ०७६ माघ ७ गतेभित्र भुक्तानी गरिसक्ने व्यवस्था मिलाउन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले आवश्यक समन्वय र सहजीकरण गर्ने।

२. उखु किसान र सञ्चालकहरूसँग सम्बन्धित उखुको उत्पादकत्व बढाउने, किसानहरूलाई समयमै मल, बिउलगायत मेसिन उपलब्ध गराउने, नेपाली चिनी उद्योगलाई आत्मनिर्भर र चिनी निर्यातसमेत गर्न सक्ने बनाउन चिनी उद्योगको सहउत्पादनको उपयोग, उखुबापतको रकम तत्काल भुक्तानी गर्न चिनी उद्योगहरूलाई आवश्यक चालू पुँजी र नगद प्रवाहको व्यवस्थापनका उपाय सिफारिस गर्न तथा उखु किसानहरूको हरेक वर्ष देखिने भुक्तानी समस्याको दिगो समाधान गर्न उखु खरिद-बिक्री गरेको रकम तुरुन्त भुक्तानी हुने स्वचालित प्रणाली बनाउने सम्बन्धमा अध्ययन गरी प्रतिवेदन दिन यस मन्त्रालयका सहसचिवको संयोजकत्वमा सरोकारवाला निकायहरू, चिनी उद्योगी किसान प्रतिनिधि, विज्ञहरूसमेत रहेको कार्यदल गठन गर्न र उक्त कार्यदलको प्रतिवेदन क्रमशः कार्यान्वयन गर्ने।

३. नेपाल सरकारबाट उखु किसानहरूलाई उपलब्ध गराइने अनुदानबापतको रकम किसानहरूले समयमै नपाएको गुनासोका सम्बन्धमा समयमै पर्याप्त रकम निकासाका लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले कृषि तथा पशुपक्षी विकास मन्त्रालय र अर्थ मन्त्रालयमा अनुरोध गरी पठाइने।

४. उखु किसानहरूको भुक्तानी चिनीको आपूर्तिलगायत विषयमा कुनै समस्यारगुनासो भए उखु किसान र उद्योगीहरूले तत्काल जानकारी गराउन र सोको सम्बोधन गर्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको आपूर्ति व्यवस्थापन महाशाखालाई सम्पर्क महाशाखाका रूपमा तोक्ने।

५. भुक्तानीका लागि काठमाडौंमा आएर सरकारसमक्ष समेत माग राखेकोमा सबै किसानले आजैबाट ध्यानाकर्षणका गतिविधि तुरुन्तै स्थगित गर्ने।

## सभामुखका...

एक जना उपाध्यक्षले सरकारमा सहभागी नहुन पार्टीभित्र दबाब दिएका छन्। अध्यक्ष मण्डललाई सम्बोधन गर्दै उनीहरुले संयुक्त रुपमा ध्यानाकषर्ण गराएका हुन्। मधेश आन्दोलनका मागहरु सम्बोधन नभएको अवस्थामा सरकारमा सहभागी नहुन उनीहरुले दबाब दिएका छन्।

सांसद रेशम चौधरीको रिहाई, संविधान संशोधन र आदिवासी जनजातिको मुद्दामा सरकार क्लियर नभएम्म सरकारमा सहभागी हुन नहुने उनीहरुको माग छ। उनीहरुले सरकारमा सहभागी हुने विषयमा केन्द्रीय समितिमा छलफल हुनु पर्ने जनाएका छन्। दबाब दिने उपाध्यक्षहरुमा ठाकुर पक्षका सर्वेन्द्रनाथ शुक्ला, बृषेश चन्द्र लाल, गोविन्द चौधरी, महासचिव विजय कुमार सिंह रहेका छन्। महेन्द्र राय यादव पक्षका उपाध्यक्ष रमेश प्रसाद यादव रहेका छन्।

तर, उपसभामुख भने राजपाले पाउने निश्चित जस्तै भएको छ। राष्ट्रियसभा निर्वाचनमा गठबन्धन गरेको राजपा सभामुख पदमा सापकोटाको उम्मेद्वारीमा समर्थक नै बसेको छ। राजपाका सांसद लक्ष्मणलाल कर्ण सभामुख पदमा सापकोटाको मनोनयन दर्ता गराउँदा समर्थक बसेका छन्। राजपाका महासचिव केशव झाका अनुसार, राजपा उपसभामुख लिने तर सरकारमा नजाने तयारीमा छ। उनले भने, "उपसभामुखमा उम्मेद्वारी हुन्छ, तर सरकारमा जानेबारे निर्णय भएको छैन।"

## कतारले ...

तोकिएको तलवबारे अध्ययन गर्ने छ। त्यहाँको शुरा काउन्सिलले श्रम कानूनको मस्यौदामा विधायिका मामिला समितिबाट छलफल गराउने बताएको छ। शुरा काउन्सिल कतारी संसदको एड्भाइजरी निकाय मानिन्छ। कुनै पनि कानून कार्यान्वयन अघि शुरा काउन्सिलले अनुमोदन गर्ने व्यवस्था रहेको छ।

## मलेसियाले ...

उद्योग मन्त्री पियुश गोयल र मलेसियाका उद्योग मन्त्री डारेललिइकिंगबीच छलफलको प्रयास जारी रहेको मलेसियाका सञ्चारमाध्यमहरुले उल्लेख गरेका छन्। प्रशोधित पाम आयल आयातमाथि भारतीय प्रतिबन्धको असर नेपालको अर्थतन्त्रमा समेत परेको छ।

**अन्तरवार्ता सरेको सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त श्री अल सहिद ओभरसिज प्रा.लि. (ई.प्र.नं. १३२९/०७४/०७५) मा U.A.E. देशको Daemaar Group कम्पनीबाट माग भई आएको कामदारको पूर्व स्वीकृति २०१९/१२/१० (LT No. - 226726) मा लिई मिति २०१९/१२/११ मा पत्रिकामा प्रकाशित गरेको र उक्त प्रकाशित पत्रिकामा अन्तर्वाताको मिति २०१९/१२/१८ राखेकोमा उक्तदिन U.A.E. स्थित कम्पनीबाट कम्पनीको प्रतिनिधि अन्तर्वार्ता लिन नआएकोले अन्तर्वाताको मिति २०२०/०१/३० र २०२०/०१/३१ मा सारिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराउँदछौं।

**Al Shahid Overseas Pvt. Ltd.**

Gov. Lic. No. 1329/074/75

Dhumbarahi, Kathmandu, Nepal, Tel: 4414440

E-mail: alshahid.overseas.np@gmail.com

**भूल सुधार**

मिति २०७६/१०/०७ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित यू.ए.ई र साउदीमा वैदेशिक रोजगारको अवसर शिर्षक, १. कम्पनी : Serveu Llc, र LT. No.: 230115 र चलानी नं.: ६०१४९३९९ र २. कम्पनी : Branch Contractor Works For Operation And Maintenance, र LT. No.: 230208 र चलानी नं.: ६०१४९४१४ को विज्ञापनमा अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ १५ गते (29 Jan. 2020) मा हुनेछ। हुनुपर्नेमा अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ १४ गते (28 Jan. 2020) मा हुनेछ। भएकोले भुलसुधार गरिएको छ।

Seagull International Global H.R Consultants Pvt. Ltd., (Birad Associates Pvt. Ltd.)

Sukedhara-4, Kathmandu, Nepal,

Tel : 4375822, 4375824

Mob.: 9823089487, 9869114803, 9808265859 9842692598, 9813198481, 9805277646

E-mail: cm.birad@gmail.com, infobiraddocumentation@gmail.com

# ‘भारतसँगका थाती विषय टुंगो लगाउने समय आयो’

**काठमाडौं/मस–** प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाल र भारतबीचका थाती रहेका द्विपक्षीय विषय कूटनीतिक संवादबाट टुंगो लगाउने समय आएको बताएका छन् । विराटनगरस्थित एकीकृत भन्सारचौकीको मंगलबार भारतीय समकक्षी नरेन्द्र मोदीसँगै भिडियो कन्फरेन्समार्फत उद्घाटन गर्दै प्रधानमन्त्री ओलीले आपसी सम्बन्ध नयाँ उचाइमा पुगेकाले यसका आधारमा आपसी सहमति र साझेदारीका विषयलाई ‘एक्सन’मा उतार्ने समय आएको स्पष्ट गरे ।



सोका लागि सम्बन्धित मन्त्री र मन्त्रालयले कार्यसूची तय गर्ने जनाउँदै प्रधानमन्त्री ओलीले नेपाल र भारत इतिहास, भूगोल र संस्कृतिका हिसाबले नजीकका छिमेकी भएका नाताले आपसी सहकार्यलाई वृद्धि गर्नुपर्नेमा जोड दिए । सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट सम्बोधनका क्रममा प्रधानमन्त्री ओलीले नेपालले लिएको ‘समृद्ध नेपाल, सुखी नेपाली’ को सोच झैं भारतीय प्रधानमन्त्री मोदीको ‘सबका साथ, सबका विश्वास’ को नारा रहेको उल्लेख गर्दै विगतमा आफू भारत भ्रमणमा जाँदा वीरगञ्जस्थित एकीकृत जाँचचौकी तथा पाँच महिनाअघि मोतीहारी-अमलेखगञ्ज पेट्रोलियम पाइपलाइन परियोजनाको संयुक्त उद्घाटन गरिएको स्मरण गरे ।

प्रधानमन्त्री ओलीले भूकम्पछिको पुनःनिर्माण तथा हाल गोरखा र नुवाकोटमा निजी भवन निर्माणमा गरिएको सहयोगका लागि भारत सरकारलाई धन्यवाद दिए । प्रधानमन्त्री ओलीले आफ्नो स्वास्थ्यस्थितिबारे चासो दिई शीघ्र लाभको कामना गरेकामा पनि भारतीय समकक्षीलाई धन्यवाद दिँदै आफ्नो स्वास्थ्य सुधँदै गएको जानकारी दिए । भारतीय प्रधानमन्त्री मोदीलाई नेपाल भ्रमणमा आउन पुनःनिमन्त्रणा दिँदै उनले आफूहरु स्वागत गर्न तत्पर रहेको बताए ।

जवाफमा भारतीय प्रधानमन्त्री मोदीले सो एकीकृत जाँचचौकीको सञ्चालन दुई देशबीचको तीव्र विकासको प्रतीक भएको जनाउँदै यसले सम्पर्क सञ्जाल विस्तार गर्नाका साथै कामलाई सरल बनाउने बताए । रक्सौल र जोगबनीमा यसअघि नै यस्तो जाँचचौकी सञ्चालन भएको र गत वर्ष वीरगञ्जमा जाँचचौकीको सञ्चालन गरिएको स्मरण गर्दै उनले आगामी दिन पनि अन्य कुनै स्थलमा एकीकृत जाँचचौकीको निमार्ण गरिने बताए ।

गोरखा भूकम्पमा नेपालीले भोग्नुपरेको दर्द र त्रासदीमा पहिलो उद्धारकका रुपमा भारतले सघाएको उल्लेख गर्दै उनले हाल निर्माणाधीन भवनहरु बलियो हुने अपेक्षा व्यक्त गरे । प्रधानमन्त्री मोदीले आफू यस वर्ष सन् २०२० मा पक्कै नेपाल आउने जनाउँदै भने, ‘यस वर्ष म नेपाल आउने कार्यक्रम मिलाउँछु । अवश्य पनि नेपाल र नेपालीको दर्शन गर्नेछु ।’

# राष्ट्रपति भण्डारी र राजकुमारीबीच भेटवार्ता



**काठमाडौं/मस–** राष्ट्रपति विद्यादेवी भण्डारी र बेल्जियमकी राजकुमारी अस्त्रिदबीच भेटवार्ता भएको छ । आइतबार नेपाल भ्रमणमा आएकी अस्त्रिद र राष्ट्रपतिबीच शितलनिवासमा भेटवार्ता भएको हो । राजकुमारी नेपालको साताव्यापी भ्रमणका लागि आइतबार नेपाल आइपुगेकी हुन् ।

यसअघि मंगलबार नै उनले उपप्रधानमन्त्री तथा रक्षामन्त्री ईश्वर पोखरेलसँग पनि भेटवार्ता गरेकी थिइन् । त्यस्तै उनले परराष्ट्रमन्त्री प्रदिपकुमार ज्ञवालीसँग पनि भेटवार्ता गरिसकेकी छन् । नेपाल बसाईका क्रममा उनले कैलालीमा नयाँ क्षयरोग उपचार केन्द्रको उद्घाटन गर्ने तथा कैलाली र नवलपरासीको मध्यविन्दु अस्पतालमा रहेको क्षयरोगका विरामीलाई भेट्नेछिन् । यी दुई अस्पतालको निर्माणमा राजकुमारी नै मानार्थ रहेको डेमिन फाउन्डेसन नामको एक गैरसरकारी संस्थाले सहयोग गरेको थियो ।

उनले राष्ट्रपति विद्यादेवी भण्डारी र स्वास्थ्यमन्त्री भानुभक्त ढकाललाई भेट्ने कार्यक्रम समेत रहेको छ । आइतबार राजकुमारी अस्त्रिदलाई उद्योग वाणिज्य तथा आपूर्ति राज्यमन्त्री मोतिलाल दुगडले त्रिभुवन अन्तर्राष्टिय विमानस्थलमा स्वागत गरेका थिए ।

त्यस्तै, मंगलबार नै राजकुमारी अस्त्रिदले भक्तपुर दरबार स्क्वायर टौमढी स्क्वायरका पुरातात्विक महत्वका सम्पदाहरुको स्थलगत अवलोकन भ्रमण गरेकी थिइन् । अस्त्रिदलाई खौमास्थित दरबार क्षेत्र प्रवेशद्वारमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेश भट्टराई र भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले पुष्पगुच्छा, नेपाली थैली र ढाकाको शल लगाई स्वागत गरेका थिए । राजकुमारीका साथ आएको टोलीलाई मन्त्री भट्टराईले स्वागत गर्दै नेपाल पर्यटन वर्ष र भक्तपुर एवं नेपालको पर्यटकीय सम्पदाबारे जानकारी गराए ।

त्यस्तै सांस्कृतिक नगर भक्तपुरमा स्वागत गर्दै नगरप्रमुख प्रजापतिले भक्तपुरको कला, संस्कृति र सम्पदा संरक्षण तथा जीर्णोद्धार भक्तपुर नगरपालिकाले गरिरहेको बताए । भ्रमणका क्रममा प्रतिनिधिमण्डलले भक्तपुर दरबार स्क्वायरस्थित तलेजु मन्दिर परिसर, पचपन्नझ्याले दरबार, सिद्धिलक्ष्मी मन्दिर, वत्सला मन्दिर तथा टौमढी क्षेत्रस्थित पाँचतल्ले मन्दिर र भैरबनाथ मन्दिरलगायत पुरातात्विक तथा ऐतिहासिक स्थानहरुको अवलोकन गरेको थियो ।

सो क्रममा राजकुमारी अस्त्रिदले भक्तपुरको टौमढीमा प्रसिद्ध देवीनाच र लायकु क्षेत्रमा लाखेनाच अवलोकन गरेकी थिइन् । प्रतिनिधिमण्डलमा बेल्जियमका राजकुमार लोरेन्ज, नेपालका लागि बेल्जियमका राजदूत एवं सल्लाहकार जान माथिसेन, सञ्चार तथा कोष वृद्धि प्रमुख इल्से इरिगर्स, निजी सचिव जिन यिम्स बर्लिमोन्ट, डेमियन फाउन्डेशनका डा जिन पिरेरे बारोन स्किनकेलर्स, बेल्जियमका लागि नेपाली राजदूत आङ्ग छेरिङ शेर्पा, डा सुशील कोइराला, मेडिकल अधिकृत डा प्रमोदराज भट्टराई लगायत रहेका छन् । उक्त टोलीलाई भक्तपुर नगरपालिकाका प्रशासकीय अधिकृत दामोदर सुवालले सांस्कृतिक तथा ऐतिहासिक महत्वका सम्पदाबारे संक्षेपमा जानकारी गराएका थिए ।

## मोटरसाइकल दुर्घटनामा वडाध्यक्षको मृत्यु

**सप्तरी/मस–** पूर्वपश्चिम राजमार्गअन्तर्गत सप्तरीको अग्निसाइर कृष्णा सवरण गाउँपालिका-१ मा गएराति मोटरसाइकल दुर्घटनामा परी वडाध्यक्षको मृत्यु भएको छ । मोटरसाइकल दुर्घटनामा परी अग्निसाइर कृष्णा सवरण गाउँपालिकाका-१ का वडाध्यक्ष सुशीलकुमार चौधरीको मृत्यु भएको इलाका प्रहरी कार्यालय कञ्चनपुरले जनाएको छ ।

पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको को३६प ५३०६ नंको मोटरसाइकलमा सवार ३८ वर्षीय वडाध्यक्ष चौधरी आफैं अनियन्त्रित भई दुर्घटना हुँदा उहाँको निधन भएको प्रहरी नायब उपरीक्षक मकेन्द्र मिश्रले जानकारी दिए ।

## पर्वतमा भेटियो प्लास्टिकको चामल

**कुश्मा/मस–** पर्वत सदरमुकाम कुश्माबजारमा प्लास्टिकको चामल भेटिएको छ । कुश्माबजारस्थित मेलमिलाप चोकका प्रेम जैसी लामिछानेले किनेर ल्याएको चामल प्लास्टिकको भएको पाइएको हो ।



लामिछानेको घरमा सोमबार बिहान पकाएको भात खाने बेलामा फरक गन्ध र सिता समेत अर्कै देखिएपछि डल्लो पारेर हेर्दा प्लास्टिकको भएको पुष्टि भएको हो । डल्ला पारेर भुइमा फाल्दा क्रिकेट बल जस्तै उफ्रिएपछि लामिछाने परिवारले प्लास्टिकको चामल भन्दै अच्चममा परेका थिए । भातको डल्ला तीन/चार मिटर माथिसम्म उफ्रिएको थियो । प्लास्टिकको चामल गणेश खाद्य उद्योग पुरानो पर्साबजार चितवनले उत्पादन गरेको जिरा मसिनो ब्रान्डको हो ।

लामिछानेले केही दिन पहिले स्थानीय व्यापारी लेखनाथ शर्माको उमानन्द किराना स्टोर्सबाट चामल किनेर ल्याएको र पकाएर हेर्दा भातको डल्ला परेको र प्लास्टिक जस्तो गरी उफ्रिएको बताए । यो पाक्न समेत लामो समय लाग्ने र चिसो भएपछि खान नसकिने बनेको थियो । सोमबार बिहान चामलको बोरा खोलेर उनीहरूले पकाएका हुन् ।

अरुबेला खाना बनाउँदा केही समस्या नभए पनि यो चामल भने ढिलो पाक्ने र खानाको स्वाद अर्कै आएकाले डल्ला पारी हेर्दा उफ्रिएपछि शंका लागेको बताए । सोमबार बिहान यस्तो समस्या देखेपछि तत्कालै जिल्ला प्रशासन कार्यालय र उद्योग वाणिज्य संघलाई लामिछानेले खबर गरेपछि पुगेको टोलीले अनुगमन गरी उक्त चामललाई खाद्य तथा गुणस्तर विभागमा अनुसन्धानका लागि पठाइएको सहायक प्रमुख जिल्ला अधिकारी अमृत सुवेदीले जानकारी दिए ।

शंकास्पद भेटिएपछि उक्त ब्रान्डको चामल कुश्माबजारमा बिक्रीका लागि रोक लगाइएको सहायक प्रजिअ सवेदीले बताए ।

## घुस लिएको अभियोगमा मुद्दा दायर

**मोरङ/मस–** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले उर्लाबारी मोरङमा कार्यरत प्रहरी हवल्दार राजु श्रेष्ठविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ । काठ फर्नीचरको कारोबारमा सहजीकरण गरिदिने भन्दै श्रेष्ठले सेवाग्राहीसँग रु ८ हजार घुस मागेको अभियोग लागेको छ ।

आयोगले केही दिन पहिले श्रेष्ठलाई घुस रकमसहित पक्राउ गरेको थियो । आरोपीविरुद्ध बिगो अनुसारको कारवाहीको माग गर्दै विशेष अदालतमा मंगलबार मुद्दा दायर गरिएको आयोगका प्रवक्ता प्रदीपकुमार कोइरालाले जानकारी दिए ।

## सूचना प्रविधि विधेयकप्रति आपत्ति

**काठमाडौं/मस–** संविधानले जनतालाई दिएका अधिकार सरकारले कानूनमार्फत कुण्ठित गर्न खोजेको भन्दै सूचना तथा प्रविधि विधेयकमाथि नेपाल पत्रकार महासंघ, गैरसरकारी महासंघ र नेपाल बार एशोसिएसनले आपत्ति जनाएको छ । नेपाल बार एशोसिएसनमा मंगलबार भएको ‘सूचना प्रविधि विधेयक र नागरिक अधिकारको सवाल’ विषयक अन्तरक्रिया कार्यक्रममा प्रतिनिधिसभाको विकास तथा प्रविधि समितिबाट पारित भएको सूचना तथा प्रनिधि विधेयकमाथि आपत्ति जनाइएको हो ।

सूचना प्रविधि, मिडिया काउन्सिल, नेपाल विशेष सेवा ऐन संशोधन विधेयकलगायतका सरकारले संसदमा पुर्‍याएका र संसदमा दर्ता गराउने क्रममा रहेका विधेयकले जनताका अधिकार कुण्ठित गरेको ती संस्थाहरूले असन्तुष्टि जनाएका हुन् ।

नेपाल बार एशोसिएसनका अध्यक्ष चण्डेश्वरप्रसाद श्रेष्ठले सूचना प्रविधि विधेयकमा प्रस्ताव गरिएको कसुर प्रस्ताव र अदालत गठनको प्रस्ताव संविधान विपरीत भएको बताए । आचारसंहिता बनाएर पत्रकारिता क्षेत्रलाई नियमन गर्नुपर्नेमा व्यवस्था र संविधान विपरीत सरकार चल्न लागेको उनको भनाइ थियो ।

नेपाल पत्रकार महासंघका अध्यक्ष गोविन्द आचार्यले नागरिकलाई अधिकार संविधानमा नै सुनिश्चित गर्नुपर्छ भनेर लोकतान्त्रिक गणतन्त्र ल्याउन आन्दोलन गरेको स्मरण गर्दै निर्वाचित सरकार मौलिक अधिकार कुण्ठित गर्नमा उद्दत रहेको बताए । मानवअधिकार आयोगले पनि सरकारले ल्याएको विधेयकमा आपत्ति जनाएको उल्लेख गर्दै जनताका मौलिक हक विरुद्ध हुने कानुन बनाउन सरकार लागेकाले त्यसको विरोधमा आयोगसँग मिलेर देशभर जाने उनले बताए ।

सरकारले सबैतिर विधेयक आतंक मच्चाएको गैरसरकारी संस्था महासंघका अध्यक्ष जितराम लामाको दाबी थियो । सरकारले नागरिक अधिकार मिच्नका लागि फुटाउ र राज गर नीति लिएको उनको आरोप थियो ।

नागरिक समाज, पत्रकार र नागरिक अधिकारकर्मीलाई सरकारले जिस्क्याइरहेको अधिकारकर्मी केदार ढकालको भनाइ थियो । जनताका मौलिक अधिकार सरकारले विधेयक मार्फत कुल्चिँदा संसदले नियन्त्रण गर्नुपर्नेमा त्यसो हुन नसकेको उनको भनाइ थियो ।

नेपाल पत्रकार महासंघका उपाध्यक्ष विपुल पोखरेलले सूचना प्रविधि विधेयकका ८३ देखि ११५ सम्मका अधिकांश दफामा आपत्ति रहेको बताए । कार्यपालिकाले संविधानमा प्राप्त अधिकार बिर्सेर सबै काम गर्न खोजेको उक्त विधेयकमा देखिएको उनको भनाइ थियो । कुनै कुरा अभिव्यक्त गर्नुलाई नै अपराध मान्ने विधेयक संसदबाट पारित हुन लागेको भन्दै उनले त्यो रोक्नुपर्ने आग्रह गरेका थिए ।

गैर सरकारी महासंघका महासचिव रामप्रसाद सुवेदीले राजाको प्रत्यक्ष शासनकालमा भन्दा पनि जनतालाई दबाउन कडा व्यवस्था भएका कानुन जनताका प्रतिनिधिले ल्याउन लागेको आरोप लगाए । सूचना प्रविधि विधेयकमा बोल्दा वा सामाजिक सञ्जालमा लेखेको आरोपमा ५ वर्ष जेल जाने र १५ लाख रुपैयाँसम्म जरिवाना हुने व्यवस्था रहेको भन्दै उनले प्रश्न गरे देश कहाँ जाँदैछ ? नागरिक स्वतन्त्रता कहाँ गइरहेको छ ? भन्दै प्रश्न गरेका थिए ।

## लागुऔषधसहित दाजुभाइ पक्राउ

**म्याग्दी/मस–** जिल्ला प्रहरी कार्यालय म्याग्दीले लागुऔषधसहित बेनी नगरपालिका-७ मंगलाघाटका मनोज खत्री र उनका भाइ आशिष खत्रीलाई पक्राउ गरेको छ । लागुऔषध बेचविखन र कारोबारमा संलग्न रहेको गोप्य सूचनाको आधारमा घर खोजतलास गर्न गएको प्रहरी टोलीले ठुलै परिणाममा लागुऔषधसहित उनीहरुलाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी ध्रुवप्रसाद शर्माले जानकारी दिए ।

घरबाट विक्री गर्नको लागि लुकाई राखेको १०४ एम्पुल डाईजापाम, १०४ एम्पुल फेनेरागन, १०६ एम्पुल नुर्फिन र २ थान सिरिन्ज प्रहरीले बरामद गरेको छ । एकै पटक ठूलो परिमाणमा लागुऔषध बरामद भएको यो अहिलेसम्मकै धेरै भएको प्रहरीले जनाएको छ ।

लागुऔषध प्रयोगकर्ता समेत रहेका २५ वर्षीय मनोज र २२ वर्षका आशिषलाई आलुऔषध मुद्दामा जिल्ला अदालतबाट ७ दिनको म्याद थप गरी अनुसन्धान सुरु गरिएको प्रहरी निरिक्षक शर्माले जानकारी दिए ।


तालिमको सुवर्ण अवसर

Star Level को होटेल तालिम गर्नु गराउनु परेमा HILTON ACADEMY लाई सम्झनुहोस BHM गरि star hotel को अनुभवी Professional Chef द्वारा तालिम दिइने ।

हाम्रो सेवाहरु: ❖Cook ❖Food & Beverage Service ❖Housekeeping ❖Coffee Maker ❖Bartender ❖Cashier ❖Front Office ❖Room Attendant ❖Bell Boy ❖Domestic Helper ❖Cleaner ❖Baby Siter ❖ Care Giver ❖Montessori तालिम को साथ Japanese, Korean, English, French, Hibru भाषा पढाईन्छ । मेनपावर कम्पनीहरुलाई विशेष छुटको व्यवस्था छ ।

HILTON ACADEMY PVT. LTD.
(Hotel Management & Culinary Arts)
Basundhara Chowk (Near Ishan Ball Hospital)
Kathmandu, Tel:01-4351313, 4355747 h/p 9823643528
email: hiltonhma@gmail.com



होटल तालिम !

मेनपावरहरुले हस्पिटालिटीको अन्तर्वार्ता र ट्रेड टेस्टको लागि पनि सम्पर्क गर्न सक्नुहुनेछ ।




✔ HK
Cleaners/House Keeping/ Laundry man, Room boy

✔ KITCHEN
Kitchen Helper/ Kitchen Stewards
Indian, Chinese, Continental, Arabic, Japanese, Thai Cook

✔ F&B
Waiter/Waitress, Hostess/Service Crew/ Cashier/Barista.

✔ FRONT DESK, RECEPTION


रोजगारी पनि भविष्य पनि
- स्वदेशमै होस कि विदेशमा
- स्वरोजगार वा वैदेशिक रोजगार
- तपाईं सीप सिक्नुहोस्

NICHOLAS HOSPITALITY SERVICES (P).LTD
Hotel Management Institute
Tokha-10, Gongabu, Kathmandu ☎ 01-4387681, 9851019169
info@nicholaspitality.com, nicholas.hospitality2019@gmail.com



राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई टिकट छिटो, छरितो सेवाको लागि हामीलाई सम्झनुहोस् ।

कस्मो नेपाल ट्राभल एण्ड टुर्स प्रा. लि.
Cosmo Nepal Travel And Tours (P.) Ltd.



G.P.O. Box No.: 6012, Gairidhara-2, Naxal, Kathmandu, Nepal, Tel.: 977-1-4432368, 4439190, Mob.: Shyam KC 9851108449
Nabin Kafle 9801091701, 9841917001, Sachin Pandey 9801017077, 9851017077, Email: cosmonepal2012@yahoo.com, Website: www.cosmonepal.com

## सम्पादकीय

# अनुगमनको अभाव

नेपाल भ्रमण वर्ष-२०२० शुरू भएको पहिलो महिना जनवरीको तेस्रो साता मकवानपुरको पर्यटकीय क्षेत्र दामनमा भारतीय पर्यटक सुतेकै अवस्थामा बेहोस भए । अचेत अवस्थामा भेटिएका आठ जनाको उपचारको क्रममा मृत्यु भएको छ । उनीहरू भारतको केरलाबाट नेपाल घुम्न आएका थिए । तर, उनीहरू सुरक्षित रूपमा स्वदेश फर्कन सकेनन् । १६ जना नेपाल घुम्न आएकोमा चार बालबालिका सहित आठको मृत्यु भएको छ । प्रहरीको प्रारम्भिक अनुसन्धानअनुसार, हिटर बालेर सुतेका भारतीय नागरिक निस्सासिएर बेहोस् भएको र उपचारका क्रममा मृत्यु भएको हो ।

यो घटनाबारे थप अनुसन्धान हुने नै छ । तर, यसको सन्देश विश्वव्यापी रूपमा गइसकेको छ । नेपाल भ्रमणमा आएका भारतीय पर्यटक सुरक्षित रूपमा स्वदेश फर्कन सकेनन् । मृतक पर्यटकका परिवार र तिनको देशलाई क्षति त पुगेकै छ, त्यो भन्दा पनि नेपालमा आउने पर्यटकहरूलाई यो घटनाले तर्साएको छ । नेपाल घुम्न आउँदा र बस्दा सुरक्षित नरहेको सन्देश छिमेकी देशहरू सहित अन्य देशमा पनि पुग्न सक्छ । भारत नेपालमा धेरै पर्यटक पठाउने देश हो । त्यसैले आठ जनाको मृत्युको क्षति देशले निकै ठूलो बेहोर्नु पर्न सक्छ ।

नेपालमा सवैभन्दा धेरै पर्यटक आउने हिमालय यात्रालाई सुरक्षित गर्न नसकेको सरकारले पहाडी क्षेत्रलाई सुरक्षित राख्न सक्नुपर्नेछ । पर्यटकीय गन्तव्यस्थल सम्म पुग्ने बाटो, बस्ने होटल तथा रेष्टुरेन्ट र सुरक्षित सवारीबारे सरकारले अनुगमन गर्नुपर्नेछ । २० लाख पर्यटक भित्र्याउने महत्वकांक्षी लक्ष्य लिएको सरकारले भ्रमण वर्षमा नीजि क्षेत्रसँग साझेदारीको नीति लिएको छ । तर, साझेदारी गर्दैमा नीजि क्षेत्रप्रति अनुगमन नगर्ने भन्ने होइन । किनभने, नीजि क्षेत्रलाई नाफाको बढी अर्थ रहन्छ । उनीहरू नाफाको लोभमा अन्य क्षेत्र तर्फ ध्यान नदिन पनि सक्छन् । दामनमै पनि अनुगमनलाई बलियो बनाइएको थियो भने ती पर्यटकहरूले अकालमा ज्यान गुमाउने थिएनन् । अतिथिलाई 'दैव' सरह मान्यता दिने नेपाली समाजमा कोठामै कोही निस्साएर मर्ने अवस्था हुनु दुखद् हो ।

अतः यस्ता थुप्रै पाटोलाई ध्यान नदिने हो भने नेपाल भ्रमणमा आउनेहरू सशंकित हुन सक्छन् । नेपाल घुम्न आउने तर्फ निरूत्साहित हुन सक्छन् । सरकारले गर्न सक्ने तर, नगरिरहेको अनुगमनको पाटोलाई ध्यान दिन दामन घटना नजीर बनेको छ । नीजि क्षेत्रसँग साझेदारी त गर्ने तर, सँगै अनुमगनलाई पनि जोड दिने सरकारको नीति हुनुपर्छ ।

# अर्थतन्त्र र मुलुकको समृद्धिका लागि श्रम ऐन



■ जगदीश दाहाल

> "बैंक तथा वित्तीय संस्थाको हकमा भने श्रम ऐनमा प्रस्ट लेखिएको, बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन (बाफिया), २०७३ को दफा १३३ मा उल्लेख भएको व्यवस्था र श्रम ऐनले नेपाल राष्ट्र बैंक ऐनको क्षेत्राधिकार अतिक्रम्य नहुने भन्ने व्यवस्थाले गर्दा बैंकिङ क्षेत्रमा श्रम ऐनको प्रभावबारे खासै द्विविधा राख्नुपर्ने देखिँदैन ।

बैंकिङ क्षेत्रमा श्रम ऐनको प्रभावले अर्थतन्त्र र मुलुकको समृद्धिका लागि भनेर नेपालको संविधान, २०७२ अनुसार सरकारले गत भदौ २९ गते राजपत्रमा प्रकाशित गरी नयाँ श्रम ऐन, २०७४ लागू गरेको छ । साविकको श्रम ऐन, २०४८ लाई प्रतिस्थापन गरी श्रम ऐन, २०७४ लागू भएपछि हाल आएर त्यसबारे विभिन्न उद्योग/प्रतिष्ठान, कानुन व्यवसायीलगायत सरोकारवालाहरूका बीचमा अनेक खाले बहस चल्ने गरेको छ । नयाँ श्रम ऐनका कतिपय व्यवस्थामा द्विविधा देखिएको भन्दै विभिन्न टीकाटिप्पणी हुने गरेको पाइन्छ । कुनै पनि ऐन, नियम, विनियम अर्थात् कानुन बन्दा आ-आफ्नो क्षेत्रअनुसार कार्यान्वयन हुने गरी क्षेत्राधिकार तोकेर बनाइएको हुन्छ । त्यस्तै, श्रम ऐन विशेषतः श्रमिकहरूको हकहित संरक्षण गर्ने हेतुले ल्याइएको ऐन हो । श्रम ऐन २०७४ मा ' प्रतिष्ठान'को परिभाषा अघिल्लो श्रम ऐनमा भन्दा केही फरक र फराकिलो बनाइएको पाइन्छ । ऐनको परिच्छेद - १ परिभाषा उपशीर्षक (ञ) मा भनिएको छ– 'प्रतिष्ठान' भन्नाले मुनाफा आर्जन गर्ने वा मुनाफा नगर्ने गरी उद्योग, व्यवसाय वा सेवा गर्ने उद्देश्यले प्रचलित कानुनबमोजिम स्थापना, संस्थापना, दर्ता वा गठन भएको वा सञ्चालनमा रहेको कुनै कम्पनी, प्राइभेट फर्म, साझेदारी फर्म, सहकारी संस्था वा संघ वा अन्य संस्था सम्झनुपर्छ ।' यसरी हेर्दा अहिले प्रतिष्ठानको परिभाषामा सहकारी, संघ-संस्था आदि थपिएको पाइन्छ । व्यवसायमूलक र सेवामूलक भन्ने शब्दावली राखिएको छ । यसरी हेर्दा कम्पनीका रूपमा कम्पनी रजिस्ट्रार कार्यालयमा दर्ता भएर सञ्चालनमा आएका प्रतिष्ठान अर्थात् कम्पनी रजिस्टार कार्यालयमा दर्ता गरिएको प्रबन्ध-पत्र र नियमावलीका आधारमा कर्मचारी विनियमावली बनाएर लागू गरिने प्रतिष्ठानमा श्रम ऐन लागू हुन्छ । त्यसबाहेक सहकारी ऐनअन्तर्गत सहकारी विभागमा दर्ता भएर सञ्चालित सहकारी संस्था तथा जिल्ला प्रशासन कार्यालय र जिल्ला विकास समितिमा दर्ता भएर सञ्चालित सामाजिक संघ-संस्थामा बौद्धिक र शारीरिक श्रम गर्ने सबै श्रमिकको हकमा श्रम ऐन लागू हुने व्यवस्था गरिएको छ ।

श्रम ऐन कहाँ-कहाँ लाग्दैन त ? निजामति सेवा ऐनबमोजिम कार्यरत कर्मचारीहरूको हकमा लाग्दैन । जंगी ऐन अर्थात् सेना-प्रहरीको हकमा लाग्दैन । त्यसका साथै अन्य प्रचलित ऐनमा व्यवस्था भएअनुसार ऐनमै व्यवस्था भएर आएका क्षेत्रको हकमा श्रम ऐन लागू हुँदैन । श्रम ऐन २०७४ को दफा १०८, उपदफा ३ हेर्दा त्यहाँ श्रम ऐन नलाग्ने क्षेत्रहरू स्पष्ट व्यवस्था गरिएको पाइन्छ । जस्तै : बैंक तथा वित्तीय संस्थाहरू । नियामक निकाय नेपाल राष्ट्र बैंकले विनियमावली बनाएर लागू गर्ने हुँदा बैंक तथा वित्तीय संस्थाहरूमा श्रम ऐनको प्रभाव नपर्ने त्यसमा व्यवस्था गरिएको छ । श्रम ऐन, २०७४ को दफा १०८, उपदफा ३ मा 'तर' पछि भनिएको छ– 'बैंक तथा वित्तीय संस्थाका लागि नेपाल राष्ट्र बैंक र अन्य प्रतिष्ठानको हकमा नियामक निकायले विनियमावली बनाउन बाधा पुऱ्याएको मानिनेछैन ।' त्यसैगरी, श्रम ऐन २०७४ को दफा १८०, उपदफा २ मा भएको व्यवस्था हेर्दा छुट्टै ऐनले व्यवस्था गरेर र त्यस्तो ऐनलाई टेकेर बनाइने नियम/विनियम लागू हुने अर्थात् छुट्टै स्वायत्त नियमन निकायले नियमन गर्ने प्रतिष्ठानहरूमा श्रम ऐन नलाग्ने उल्लेख गरिएको छ । ऐनको दफा १८०, उपदफा २ मा उल्लेख छ, "विशेष कानुनद्वारा गठन हुने सेवा र विशेष आर्थिक क्षेत्रको हकमा प्रचलित नेपाल कानुनमै सेवाका सर्त तथा सुविधाहरू उल्लेख भएको रहेछ भने त्यस्तो सेवामा सोहीबमोजिम हुनेछ ।" छुट्टै नियमन निकायले नियमन गर्ने भनेपछि सायद बिमा कम्पनीहरूमा पनि श्रम ऐन नलाग्नुपर्छ । बैंक तथा वित्तीय संस्थाको हकमा भने श्रम ऐनमा प्रस्ट लेखिएको, बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन (बाफिया), २०७३ को दफा १३३ मा उल्लेख भएको व्यवस्था र श्रम ऐनले नेपाल राष्ट्र बैंक ऐनको क्षेत्राधिकार अतिक्रम्य नहुने भन्ने व्यवस्थाले गर्दा बैंकिङ क्षेत्रमा श्रम ऐनको प्रभावबारे खासै द्विविधा राख्नुपर्ने देखिँदैन । बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ को दफा १३३ मा 'विनियमावली तथा कार्यविधि बनाउने अधिकार' शीर्षकमा लेखिएको छ, "यो ऐन वा यस ऐनअन्तर्गत राष्ट्र बैंकले तोकिदिएको सर्त, सीमा तथा मापदण्डको अधीनमा रही बैंक वा वित्तीय संस्थाको संस्थागत, प्रशासनिक तथा व्यवसायिक कारोबार सुव्यवस्थित रूपले सञ्चालन गर्न सञ्चालक समितिले राष्ट्र बैंकको स्वीकृति लिई देहायका विषयमा विनियमावली बनाउन सक्नेछ : (क) कर्मचारीको नियुक्ति, बढुवा, सरुवा, बर्खास्ती, तलब, भत्ता, उपदान, निवृत्तिभरण, बिदा, आचरण, अनुशासन तथा सेवाका सर्त र त्यस्तो सेवाको गठनको सम्बन्धमा..... । बाफियामा उल्लिखित यस्तो व्यवस्थालाई हेर्दा गर्दा बैंकिङ क्षेत्रमा श्रम ऐन नलाग्ने कुरा प्रस्ट हुन्छ ।

तर श्रम ऐनमा टेकेर व्यवसाय गर्ने व्यवसायीहरूले श्रम ऐन सबैतिर लाग्छ भनेर प्रचारबाजी गर्ने गरेको पाइन्छ । आफ्नो व्यवसाय वृद्धि हुने कुरालाई मध्यनजर राखेर त्यस किसिमको प्रचार गरिनुले कानुन कार्यान्वयन र कानुनको प्रयोग गर्ने कुरामा समस्या ल्याउने मात्र होइन, रोजगारदाता र श्रमिकको बीचमा वैमनस्यतासमेत सिर्जना गर्छ । रोजगारदाता र श्रमिकमैत्री हिसाबले प्रतिष्ठानहरू सञ्चालन हुने कुरामा ठूलो असर पुऱ्याउँछ । त्यति मात्र होइन, श्रम ऐनलाई गलत अर्थ लगाएर प्रयोग गर्न खोजियो भने मुलुकको अर्थतन्त्रमा ठूलो धक्का लाग्न सक्छ । किनकि मुलुकको समृद्धिका लागि श्रम ऐनको महत्वपूर्ण भूमिका हुन्छ । तसर्थ, कानुन व्यवसायीहरूले पनि आफ्नो व्यवसाय विस्तार हुने हिसाबले श्रम ऐनको गलत अर्थ लगाएर व्याख्या गर्नु हुँदैन । कतिपय अवस्थामा कानुन व्यवसायीहरू स्वयंले श्रम ऐनलाई आफ्नो व्यवसाय विस्तारमा सहयोग पुग्ने हिसाबले व्याख्या गर्ने गरेको पाइन्छ, जुन राम्रो कुरा होइन । कानुनको सही अर्थ लाग्नुपर्छ र सही ढंगले उचित प्रयोग गर्नुपर्छ, तब मात्रै कानुन निर्माताले औंल्याएको मार्ग सुनिश्चित र संरक्षित हुन सक्छ ।

